# घ्याङलेख गाउँपालिका

སྒྱང་ལེབ་ གཱ་ཨུཾ་པ་ལི་ཀཱ།

# गाउँ कार्यपालिकाको कार्यालय

हायुटार, सिन्धुली


पत्र सङ्ख्या : २०८०।०८१

चलानी नं. : ४८३

मिति : २०८०।०८।२६

विषय :- स्पष्टीकरण पेश गर्ने सम्बन्धमा ।

श्री पि.पि-इस्वरी जे.भी.,
मन्थली-०५, रामेछाप ।

उपरोक्त सम्बन्धमा स्थानीय तह प्रशासकीय भवन पूर्वधार विकास कार्यक्रम र यस घ्याङ्गलेख गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार गाउँपालिका प्रशासकीय भवन निर्माण (GHRM/Sindhuli/Works/NCB/12/078/079) का लागि सार्वजानिक खरिद ऐन, २०६३ को दफा १४ बमोजिम बोलपत्र आह्वान गरी प्राप्त बोलपत्रदाताहरुको बोलपत्र सारभूत रुपमा मूल्याङ्कन गरी निर्माण व्यवसायी श्री पि.पि.- इस्वरी जे.भी. मन्थली-०५, रामेछाप र घ्याङलेख गाउँपालिकाबीच मिति २०७९/०५/३१ गत्ते सम्झौता गरी कार्यदिश दिइएको विदितै छ। सोही बमोजिम तँहा निर्माण कम्पनीले कार्य प्रारम्भ गरी रु.१ करोड पेश्की लिई पहिलो रनिङ बिल समेत भुक्तानी भएको र हाल विगत लामो समयदेखि कार्यस्थलमा कुनैपनि कार्य नभएको तथा निर्माण कार्य प्रगति चित्त बुझ्दो नभएको हुँदा के कति कारणले ढिला सुस्ती भएको हो ? सोको जानकारी सार्वजानिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम पुन कार्य सम्पादन तालिका सहित ७ दिनभित्रमा यस कार्यालयमा स्वयम उपस्थित भई जानकारी गराउन हुन अनुरोध छ। अन्यथा, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) तथा ठेक्का सम्झौताको GCC बमोजिम हुने व्यहोरा समेत अनुरोध छ ।

मुकेश पुर्बे
इन्जिनियर


मोबाइल नम्बर : ९८५४०८७८८८

वेवसाइट : https//:www.ghyanglekhmun.gov.np, इमेल : info@ghyanglekhmun.gov.np/ito.ghyanglekhmun@gmail.com